# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

**काठमाडौं, भदौ ६ गते २०३४ साल**

श्री ५ को सरकार

### गृह पञ्चायत मन्त्रालयको

### सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उप–दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले थानकोट प्रहरी चौकी भवन निर्माण गर्नको लागि बागमती अञ्चल, काठमाडौं जिल्ला, साविक महादेवस्थान गा. पं. वडा नं. ५ को हाल मातातीर्थ पं. वडा नं. २ मा पर्ने निम्नलिखित जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू, २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुँदा यो सूचना प्रकाशित गरिएको छ।

पूर्व कि. न. ७५ को बाँकी जग्गा, पश्चिम कि. न. ७४,७५,६८,६९ को बाँकी जग्गा, उत्तर त्रिभुवन राजपथ, दक्षिण कि. नं. ६८, ६९ को बाँकी जग्गा यति ४ किल्लाभित्रको कि. नं. ६८ बाट ०–१५–०, कि. नं. ६९ बाट १–१२–१, कि. नं. ७४ बाट ०–०–१, कि. नं. ७५ बाट १–१–३ समेतको जम्मा मालपोत रू. १५।– (पन्द्र रूपैयाँ) लाग्ने जम्मा जग्गा रोपनी ३–१३–१ (तीन रोपनी तेह्र आना एक पैसा) को कित्ता।

आज्ञाले–

शेरबहादुर शाही

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४४०